# सेन्टर फर डेमोक्रेटिक इन्जिनियर्स नेपाल (सिडेन)

## CENTRE FOR DEMOCRATIC ENGINEERS' NEPAL (CDEN)

### केन्द्रीय निर्वाचन समिति – २०८२


संयोजक
इ. डा. कृष्ण राज पाठक
९८५१३२६०६७

सदस्यहरु:
इ. संजय अधिकारी
९८५११६०१०३

इ. राजेन्द्र दुलाल
९८५११०५८५८

इ. ईश्वर पोख्रेल
९८५११६४०४२

इ. प्रकाश बुढा
९८५१२२२३५८


**मिति: २०८२/०५/०४**

## उम्मेदवारी मनोनयन सम्बन्धमा

यस सिडेन केन्द्रीय निर्वाचन समितिको २०८२।०४।२७ गते प्रकाशित सूचना अनुसार उम्मेदवार फारम वितरण तथा उम्मेदवारी दर्ता मिति २०८२ भदौ ४ गते, दिउँसो ०२:०० बजे देखि साँझ ५:०० बजे सम्म र २०८२ भदौ ५ गते विहान ११:०० बजे साँझ ५:०० बजे सम्म तपसिल बमोजिम कार्यविधि अनुसार दर्ता गर्नुहुन अनुरोध गरिन्छ ।

केन्द्र तथा प्रदेश निर्वाचन कार्यालयहरु निम्न बमोझिम तोकिएको छ ।

| क्र. स. | केन्द्र/प्रदेश | निर्वाचन कार्यालय |
|---|---|---|
| १. | केन्द्र | सिडेन केन्द्रीय कार्यालय, कुपन्डोल ललितपुर |
| २. | कोशी प्रदेश | SEMI Institute, विराटनगर -१० संसरिमाईस्थान |
| ३. | मधेश प्रदेश | नेपाली कांग्रेसको क्षेत्रीय कार्यालय रहेको भवन, जनकपुरधाम-०९, थापाचौक |
| ४. | बागमती प्रदेश | सिडेन केन्द्रीय कार्यालय, कुपन्डोल ललितपुर |
| ५. | गण्डकी प्रदेश | ArcD Architectural and Engineering Services, पोखरा महानगरपालिकाको कार्यालय पछाडि, पोखरा -०८, न्यूरोड |
| ६. | लुम्बिनी प्रदेश | नेपाली कांग्रेसको क्षेत्रीय कार्यालय रहेको भवन, बुटवल-०२, मैनानगर |
| ७. | कर्णाली प्रदेश | कर्णाली प्रदेश निर्वाचन कार्यालय, बिरेन्द्रनगर-८ धमला चोक देखी २०० मिटर उत्तर तर्फ |
| ८. | सुदूरपश्चिम प्रदेश | देव तालिम केन्द्र , धनगढी-०५ , तारानगर |

पुनश्च: निर्वाचन सम्बन्धी अन्य जानकारीहरू निवार्चन समितिको कार्यालयहरु (सिडेनको केन्द्रिय र प्रादेशिक कार्यालय) र आधिकारिक वेबसाइट र सामाजिक सन्जाल मार्फत प्राप्त गर्न सकिनेछ।

Central Election Committee 2082

--------------------------------

**संयोजक:**
केन्द्रीय निर्वाचन समिति, २०८२
इमेल: cdenelection2082@gmail.com

# उम्मेदवारी दर्ता कार्यविधि

१. सिडेनको केन्द्रीय कार्यकारिणी समिति र प्रदेश कार्यकारिणी समितिको उम्मेदवारीको फारम सिडेन आधिकारिक वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ।

२. उम्मेदवारी दर्ताको लागि केन्द्रिय निर्वाचन समितिले तोके वमोजिमको म्याद भित्र रित पूर्वक एक व्यक्तीले एक पदको लागि मात्र उम्मेदवारी दर्ता गर्न सक्ने छ।

३. उम्मेदवारी दर्ता सिडेन विधान बमोजिम योग्यता पुगेका र मतदाता नामावलीमा नाम दर्ता भएका व्यक्तीले स्वयम् वा वारेस मार्फत गर्न सकिनेछ। वारेसनामा लिई आउने व्यक्तिले आफ्नो नागरिकताको सक्कल साथमा उपस्थित भई नागरिकताको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।

४. उम्मेदवारी दर्ता गर्न एक जना प्रस्तावक को प्रस्ताव र एक जना समर्थकको समर्थन लिई तोकिएको शुल्क बुझाई तत्-तत् निर्वाचन कार्यालयमा दर्ता गर्नुपर्ने छ।

५. केन्द्रीय कार्यकारिणी  समितिको पदको उम्मेदवार हुन वा उम्मेदवारको प्रस्तावक वा सर्मथक हुन सिडेनको अन्तिम मतदाता नामावलीमा नाम दर्ता भएको हुन पर्नेछ। साथै प्रदेश कार्यकारिणी  समितिको उम्मेदवार हुन वा उम्मेदवारको प्रस्तावक वा सर्मथक हुन सम्बन्धित प्रदेशको मतदाता हुनुपर्ने छ।

६. एक पदको लागि प्रस्तावक वा समर्थक भएको व्यक्ती सोही पदको अर्को व्यक्तीको प्रस्तावक वा समर्थक हुन पाउने छैन, तर सदस्य पदको उम्मेदवारको हकमा केन्द्रिय कार्यकारिणी समितिका लागि १३ जना र प्रदेश कार्यकारिणी समितिका लागि १० जनासम्म को प्रस्तावक वा समर्थक हुन पाउने छ। साथै कुनै पनि पदको उम्मेदवार भएको व्यक्ति कुनैपनि उम्मेदवारको प्रस्तावक वा समर्थक हुन पाउने छैन।

७. प्रदेश कार्यकारिणी समितिको उम्मेदवारको प्रस्तावक वा सर्मथक भएको व्यक्ती केन्द्रीय कार्यकारिणी समितिको उम्मेदवारको प्रस्तावक वा समर्थक हुन पाउने छैन साथै केन्द्रीय कार्यकारिणी समितिको उम्मेदवारको प्रस्तावक वा सर्मथक भएको व्यक्ती प्रदेश कार्यकारिणी समितिको उम्मेदवारको प्रस्तावक वा समर्थक हुन पाउने छैन।

८. केन्द्र र बागमती प्रदेशका लागि उम्मेदवारी दर्ता गर्न तोकिएको दर्ता शुल्क दाखिला निम्न बमोजिमको बैंक खाता मा जम्मा गरि सो को भौचर/रसिद/ अनलाइन Transfer को निस्सा सहित उम्मेदवारी दर्ता फारम वुझाउनु पर्ने छ। नगद बुझाउने भएमा निर्वाचन समितिको कार्यालयमा बुझाउन सकिनेछ।

खातावालको नाम: CENTRE FOR DEMOCRATIC ENGINEERS NEPAL (CDEN)
बैंक खाता नं : 19101010000224
बैंक: ग्लोवल आ.एम.इ बैंक, कुपन्डोल, ललितपुर

९. अन्य प्रदेशहरुको हकमा सम्बन्धित प्रदेशहरुले तोके वमोजिमको प्रक्रिया पुर्याइ मनोनयन शुल्क बुझाउनु पर्नेछ।`

Central Election Committee
2082

# उम्मेदवारी दर्ता शुल्क

आगामी २०८२ भदौ १४ गते हुन गइरहेको सिडेन आठौं केन्द्रीय र तेस्रो प्रादेशिक कार्यकारिणी समितिहरुको निर्वाचनका लागि उम्मेदवारी मनोनयन शुल्क तपसिल बमोजिम तोकिएको छ।

**केन्द्रीय कार्यकारिणी समितिका लागि**

| क्र. स. | पद | मनोनयन शुल्क |
|---|---|---|
| १. | अध्यक्ष | रू. ७५,००० |
| २. | उपाध्यक्ष | रू. ५०,००० |
| ३. | महासचिव | रू. ५०,००० |
| ४. | उप-महासचिव | रू. ३५,००० |
| ५. | कोषाध्यक्ष | रू. ३५,००० |
| ६. | सदस्य | रू. २०,००० |

**प्रदेश कार्यकारिणी समितिका लागि**

| क्र. स. | पद | मनोनयन शुल्क |
|---|---|---|
| १. | सभापति | रू. ३५,००० |
| २. | उपसभापति | रू. २५,००० |
| ३. | सचिव | रू. २५,००० |
| ४. | सहसचिव | रू. १५,००० |
| ५. | कोषाध्यक्ष | रू. १५,००० |
| ६. | सदस्य | रू. १०,००० |